# इन्टर्नेट सेवा प्रदायकहरुलाई नेपाल दूरसञ्चार प्राधिकरणबाट जारी गरिएको सूचना

श्री सम्मानित सर्वोच्च अदालतबाट जारी गरिएको सूचनामा पहुँच सम्बन्धी(कार्यविधि) निदेशिका, २०७४ को अधिनमा रहि इन्टर्नेट सेवा प्रदायकहरुलाई देहाय बमोजिमको निर्देशन पालना गर्न यो सूचना प्रकाशन गरिएको छ |

१) नेपाल प्रहरी लगायत Law Enforcement Agency हरुबाट अपराध अनुसन्धानको लागि माग भई आउने वा आएका विवरणहरु सबै सेवा प्रदायकहरुको ३६५ दिन २४ सै घन्टा उपलब्ध गराउने र सो को लागि सेवा प्रदायकहरु सम्पर्क अधिकृतको व्यवस्था गरी प्राधिकरणलाई ३ दिन भित्र जानकारी गराउने |

२) सबै ISP को अनुमतिपत्र प्राप्त सेवाहरुले ६ महिनासम्मको Content बाहेकको Internet User Activity Log अनुसन्धानको लागि अनुसन्धान अधिकृतहरुलाई तत्काल उपलब्ध गराउने |

३) सबै ISP को अनुमतिपत्र प्राप्त सेवाहरुले ३ महिनासम्मको Internet NAT (Network Address Translation) Record अनुसन्धानको लागि अनुसन्धान अधिकृतहरुलाई उपलब्ध गराउने |

४) सबै सेवा प्रदायकहरुले ग्राहकको सेवा सुचारु (Active) भएको २४ घण्टा भित्र ग्राहक हरुको नाम र ठेगाना तथा एकहप्ता भित्र फोटो सहितको विस्तृत विवरण सेवा प्रदायकहरुको Datebase मा Update गरी सक्नुपर्ने |

५) नेपाल प्रहरी लगायत Law Enforcement Agency हरुले अपराध अनुसान्धानको सिलसिलामा अग्रिम रुपमा जानकारी ग्राहकसंग सम्बन्धित विवरण हरु Record गरी उपलब्ध गराउने |

**नेपाल दूरसञ्चार प्राधिकरण**

**अनुगमन महाशाखा**

**श्रीकुञ्ज भवन, कमलादी, काठमाडौं, नेपाल**

**फोन नं : ४२५५४७४, फ्याक्स नं : ४२५५२५०**

**Email: info@nta.gov.np, URL: www.nta.gov.np**